# Laxmi Laghubitta Bittiya Sanstha Ltd.
# लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

**केन्द्रीय कार्यालय:**
कपन मार्ग, महाराजगंज, काठमाडौं ।
फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेल: info@laxmilaghu.com.np
वेबसाइट: https://www.laxmilaghu.com.np

## अपरिष्कृत संक्षिप्त वित्तीय अवस्थाको विवरण
### २०७९ चैत्र मसान्त सम्मको

| विवरण | (रकम ने.रु मा) यस त्रयमास सम्मको (चैत्र मसान्त, २०७९) | गत आ.व.को अन्त सम्मको (असार मसान्त, २०७९) |
|---|---|---|
| **सम्पत्ति** | | |
| नगद वा नगद समान | ८७,९२५,७०३ | ८८,२०८,९१२ |
| वैधानिक मौज्दात तथा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३४,९८३,००० | ३४,९८३,००० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | – | – |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | – | – |
| अन्य व्यापारीक सम्पत्तिहरु | – | – |
| लघुवित्त वित्तीय संस्था तथा सहकारीलाई दिएको कर्जा/सापटी | – | – |
| ग्राहकलाई प्रदान गरिएको कर्जा/सापटी | ६,३०३,८३५,३५० | ७,७०६,४५८,७५७ |
| धितोपत्रमा लगानी | २,९८५,१०२ | २,९८५,१०२ |
| चालु कर सम्पत्ति | – | २२,०६६,८११ |
| लगानी सम्पत्तिहरु | – | – |
| सम्पत्ति तथा उपकरण | ५६,३५७,१३० | ५५,३५६,९०० |
| ख्याती तथा अमूर्त सम्पत्ति | ८,३०३,२४८ | १०,७७९,८९७ |
| स्थगन कर सम्पत्ति | ५,१५७,५८१ | ५,९७६,८८८ |
| अन्य सम्पत्ति | ६४,९६९,२६७ | ३७,३७९,२२१ |
| **कुल सम्पत्ति** | **६,५६४,५१६,३८१** | **७,९६४,१९५,४८८** |
| **दायित्व** | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | – | – |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | – | – |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | – | – |
| ग्राहकहरुबाट निक्षेप दायित्व | २,४१२,२७५,७२५ | २,५५१,५०६,१०७ |
| सापटी | ३,१७४,२६५,१७३ | ४,४५५,५४०,४५४ |
| चालु कर दायित्व | – | – |
| व्यवस्थाहरु | – | – |
| स्थगन कर दायित्व | – | – |
| अन्य दायित्वहरु | १७८,६३१,०३६ | १३२,५५२,१८७ |
| जारी गरिएका ऋणपत्रहरु | – | – |
| अधिनस्थ दायित्वहरु | – | – |
| **कुल दायित्व** | **५,७६५,१७१,९३४** | **७,१३९,५९८,७४८** |
| **इक्विटी** | | |
| शेयर पूँजी | ४४१,६६२,१०० | ३८४,०५४,००० |
| शेयर प्रिमियम | – | – |
| सञ्चित मुनाफा | १३४,७७४,३२० | २२६,५६०,५२७ |
| जगेडा तथा कोषहरु | २२२,९०८,०२६ | २१३,९८२,२१३ |
| **कुल इक्विटी** | **७९९,३४४,४४६** | **८२४,५९६,७४०** |
| **कुल दायित्व र इक्विटी** | **६,५६४,५१६,३८१** | **७,९६४,१९५,४८८** |
| शेयरको संख्या | ४,४१६,६२१ | ३,८४०,५४० |
| प्रति शेयर सम्पत्तिको मूल्य | १,४८६.३२ | २,०७३.७२ |
| प्रति शेयर नेटवर्थ | १८०.९९ | २१४.७१ |

## अपरिष्कृत संक्षिप्त नाफा वा नोक्सान विवरण
### २०७९ श्रावण १ गतेदेखि २०७९ चैत्र मसान्तसम्म

रकम ने.रु.मा

| विवरण | चालु आ.व.२०७९/८० यस त्रयमास | चालु आ.व.२०७९/८० यस त्रयमास सम्म | चालु आ.व.२०७८/७९ को यसै अवधिको यस त्रयमास | चालु आ.व.२०७८/७९ को यसै अवधिको यस त्रयमास सम्म |
|---|---|---|---|---|
| ब्याज आम्दानी | २३९,९१५,३६२ | ७९०,९९२,०८१ | २७४,४११,७२० | ७७९,९९६,९७६ |
| ब्याज खर्च | १५९,७४५,२३८ | ५०७,४२९,३७३ | १४२,१८३,६३४ | ३७६,०४७,७४५ |
| **खुद ब्याज आम्दानी** | **८०,१७०,१२४** | **२८३,५६२,७०८** | **१३२,२२८,०८६** | **४०३,९४९,२३२** |
| शुल्क तथा कमिशन आम्दानी | ९,२४५,१२५ | ४१,८४९,६१९ | २७,८४४,६१७ | ९०,६४२,९३३ |
| शुल्क तथा कमिशन खर्च | ९,५७५ | ३१,५८९ | ५,३४० | २९,१०६ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **९,२३५,५५०** | **४१,८१८,०३०** | **२७,८३९,२७७** | **९०,६१३,८२७** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | **८९,४०५,६७४** | **३२५,३८०,७३८** | **१६०,०६७,३६४** | **४९४,५६३,०५९** |
| खुद व्यापारीक आम्दानी | – | – | – | – |
| अन्य सञ्चालन आम्दानी | – | – | – | – |
| **कुल सञ्चालन आम्दानी** | **८९,४०५,६७४** | **३२५,३८०,७३८** | **१६०,०६७,३६४** | **४९४,५६३,०५९** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ६९,१६७,१६० | १५०,९२६,९४३ | १३,७१७,३३८ | ५१,०२३,४७७ |
| **खुद सञ्चालन आम्दानी** | **२०,२३८,५१४** | **१७४,४५३,७९५** | **१४६,३५०,०२६** | **४४३,५३९,५८२** |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | ७३,३१६,७८९ | २२१,३५२,४४२ | ७०,८१७,३७५ | २१०,८४७,१६८ |
| अन्य सञ्चालन खर्च | १२,१५८,०५६ | ३६,८९७,३६३ | ८,७८६,३२३ | ३१,९१८,६४० |
| ह्रासकट्टी र परिशोधन खर्च | २,६१४,८११ | ८,१३३,१७६ | २,६११,५८७ | ७,३०८,३८० |
| **सञ्चालन मुनाफा** | **(६७,८५१,१४३)** | **(९१,९२९,१८६)** | **६४,१३४,७४१** | **१९३,४६५,३९४** |
| गैर सञ्चालन आम्दानी | ७४,९३६ | १४२,९७९ | – | १६,६६२ |
| गैर सञ्चालन खर्च | – | – | – | – |
| **आयकर अघिको नाफा** | **(६७,७७६,२०७)** | **(९१,७८६,२०७)** | **६४,१३४,७४१** | **१९३,४८२,०५६** |
| **आयकर खर्च** | **–** | **–** | **९,३१६,०११** | **६३,०७०,१२९** |
| चालु आयकर | – | – | १७,०१२,४७४ | ७०,७६६,५९२ |
| स्थगन कर खर्च/(आम्दानी) | – | – | (७,६९६,४६३) | (७,६९६,४६३) |
| यस अवधिको मुनाफा | (६७,७७६,२०७) | (९१,७८६,२०७) | ५४,८१८,७३० | १३०,४११,९२७ |
| अपरिष्कृत संक्षिप्त नाफा/नोक्सान विवरण | | | | |
| **यस अवधिको नाफा/नोक्सान** | **(६७,७७६,२०७)** | **(९१,७८६,२०७)** | **५४,८१८,७३०** | **१३०,४११,९२७** |
| अन्य विस्तृत आम्दनी | | | | |
| कुल विस्तृत आम्दानी | (६७,७७६,२०७) | (९१,७८६,२०७) | ५४,८१८,७३० | १३०,४११,९२७ |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | – | (२७.७१) | – | ४५.२८ |
| डाइल्युटेड प्रति शेयर आम्दानी (Diluted EPS) | – | (२७.७१) | – | ४५.२८ |
| वितरण योग्य मुनाफा | | | | |
| साधारण शेयरधनीहरु | (६७,७७६,२०७) | (९१,७८६,२०७) | ५४,८१८,७३० | १३०,४११,९२७ |
| अन्य बाहृय | – | – | – | – |

## नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमका अनुपातहरू

| विवरण | चालु आ.व.२०७९/८० यस त्रयमास | चालु आ.व.२०७९/८० यस त्रयमास सम्म | चालु आ.व.२०७८/७९ यस त्रयमास | चालु आ.व.२०७८/७९ यस त्रयमास सम्म |
|---|---|---|---|---|
| पूँजी कोष/जोखिम भारित सम्पत्ती | – | १०.७७% | – | १०.५८% |
| निष्कृय कर्जा/कूल कर्जा सापटी | – | ९.४७% | – | ३.३९% |
| कूल कर्जा नोक्सानी ब्यवस्था/निष्कृय कर्जा | – | ७४.७२% | – | ११२.३९% |
| कोषको लागत | – | १०.०९% | – | ९.०१% |
| **कर्जा/ निक्षेप अनुपात (ने.रा.बै.को निर्देशन बमोजिम गणना गरिएको)** | **–** | **२६१.३२%** | **–** | **१११.९१%** |
| आधार दर | – | १७.२२% | – | १३.३४% |
| ब्याजदर स्प्रेड | – | ४.७८% | – | ५.७१% |

## ब्याजदर

| | |
|---|---|
| १. निक्षेप | ७.५०% – ९.७५% |
| २. कर्जा तथा सापटी | १२% – १५% |

## वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण
### २०७९ साल चैत्र मसान्तसम्मको
### (नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम)

| विवरण | चालु आ.व.२०७९/८० चैत्र मसान्त, २०७९ सम्मको | चालु आ.व.२०७८/७९ चैत्र मसान्त, २०७८ सम्मको |
|---|---|---|
| नाफा/नोक्सान विवरण बमोजिमको खुद नाफा/(नोक्सान) | (९१,७८६,२०७) | १३०,४११,९२७ |
| १. विनियोजन : | – | २५,८२१,५६२ |
| क) साधारण जगेडा | – | २३,४७४,१४७ |
| ख) सटही घटबढ कोष | – | – |
| ग) पूँजी फिर्ता जगेडा कोष | – | – |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | १,१७३,७०७ |
| ङ) कर्मचारी तालिम कोष | – | – |
| च) अन्य | – | १,१७३,७०७ |
| नियमनकारी समायोजन अघिको नाफा/नोक्सान | (९१,७८६,२०७) | १०४,५९०,३६६ |
| २.नियमनकारी समायोजन : | ३,५५०,३३० | १४,७४२,२७९ |
| क) व्याज वक्यौता (-)/अघिल्लो वक्यौता व्याजको असुली (+) | २,७३१,०२३ | ७,०४५,८१५ |
| ख) अल्पकालिन कर्जा नोक्सानी ब्यवस्था (-) फिर्ता (+) | – | – |
| ग) अल्पकालिन सम्भावित लगानी बापतको ब्यवस्था (-) फिर्ता (+) | – | – |
| घ) अल्पकालिन गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्था (-) फिर्ता (+) | – | – |
| ङ) स्थगन कर सम्पत्तिको लेखाङ्कन (-) फिर्ता (+) | ८१९,३०७ | ७,६९६,४६३ |
| च) ख्यातिमा लेखांकन (-)/ हानी नोक्सानी फिर्ता (+) | – | |
| छ) मोलतोल खरिदमा नाफाको थप (-)/फिर्ता (+) | – | |
| ज) बीमाङ्किक नोक्सान लेखांकन (-) फिर्ता (+) | – | |
| झ) अन्य थप (+)/ घट (-) | – | |
| यस त्रयमासको वितरणयोग्य खुद नाफा/(नोक्सान) | (८८,२३५,८७६) | ११९,३३२,६४४ |
| शुरुको सञ्चित मुनाफा (श्रावण १,२०७९) | १३८,२२५,१९७ | २३८,७९७,२७५ |
| समायोजन (+/-) | (३,४५०,८७६) | २९,७४२,६३८ |
| वितरण : | – | ७६,८१०,८०० |
| बोनस शेयर जारी | – | ५७,६०८,१०० |
| नगद लाभांश वितरण | – | १९,२०२,७०० |
| कुल वितरणयोग्य नाफा/नोक्सान (यस त्रयमासको अन्तसम्म) | १३४,७७४,३२० | १९१,७२९,११३ |
| बार्षिक प्रति शेयर वितरण योग्य नाफा/नोक्सान | ३०.५२ | ४९.९२ |

**टिप्पणीहरु:**
१. अपरिष्कृत वित्तीय प्रतिवेदन नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा अनुपालना गरिएको ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम निर्दिष्ट भएर तयार पारिएको छ।
२. ग्राहकहरुलाई प्रदान भएको कर्जा सापट रकमलाई हानी/नोक्सानी Impairment कट्टा गरी लेखांकन गरिएको र सो मा कर्मचारीहरुलाई प्रदान भएको कर्जा/सापटी समेत संलग्न रहेको छ।
३. उल्लेखित अपरिष्कृत वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षकहरुबाट कुनै फेरबदल गर्न सुझाय बमोजिम परिवर्तन हुने सक्ने छ।
४. आवश्यकता अनुसार अंकहरुलाई पुनः वर्गीकरण गरिएको छ।
५. अपरिष्कृत वित्तीय प्रतिवेदन वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा समेत अपलोड गरिएको छ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अर्न्तगतको अनूसुची–१४ बमोजिम
## आ.व.२०७९/८० को तेश्रो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण** :

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**
आ.व.२०७९/८० को तेश्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सूचित गरिएका ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा पनि राखिएको छ।

**ख) सम्बन्धित पक्ष बीचको कारोवार :**
लक्ष्मी बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी बैंक लिमिटेडको ७०% शेयर स्वामित्व रहेको छ भने ३०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी बैंकमा रहेको बैंक मौज्दात र लक्ष्मी बैंकबाट प्राप्त विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापटी विवरण तपशिल बमोजिम रहेको छ।

| क्र.सं | लक्ष्मी बैंकमा रहेको मौज्दात (रु.) | लक्ष्मी बैंकबाट प्राप्त कर्जा (रु.) |
|---|---|---|
| १. | ७,९००,९३६ | २,११७,६८५,४९१ |

**ग) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (बार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| (२७.७१) | (२६.१६) गुणा | रु.१८०.९९ | रु.१,४८६.३२ | ५.४१% |

**२. ब्यवस्थापकीय विश्लेषण** :

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
वित्तीय संस्थाको चालु आ.व.२०७९/८० को तेश्रो त्रयमाससम्ममा सदस्य संख्या, ऋणी सदस्य, लगानीमा रहेको कर्जा लगायत सदस्यहरुबाट प्राप्त निक्षेपहरुमा परिवर्तन भएको छ। लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीको दोहोरो अंकको ब्याजदर, निष्कृय कर्जामा भएको बृद्दिको कारण थप कर्जा नोक्सानी ब्यवस्था, ब्यवसाय विस्तारमा भएको नितिगत ब्यवस्था जस्ता कारणहरुले गर्दा सञ्चालन मुनाफा ऋणात्मक रहेको छ। अस्वभाविक रुपमा बढ्दै गएको निष्कृय कर्जा र नियामकीय निर्देशनहरुलाई ध्यानमा राख्दै निक्षेप,कर्जा तथा सापटी परिचालन गर्दै आएको छ। प्रतिकुल परिस्थिती बीच हाल देखिएका विभिन्न खालका जोखिमहरु : कर्जा जोखिम,तरलता जोखिम र ब्याजदर जोखिम लगायतका अन्य बाहृय जोखिमहरुलाई समेत उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आएको छ। उल्लेखित जोखिमहरुको न्युनीकरण र बाहृय प्रतिकुल अवस्थामा सुधार पश्चात वित्तीय कारोवारहरुमा क्रमशः सुधार भई लगानी योग्य रकमको सहजता, आम्दानी र तरलता सन्तोषजनक हुने ब्यवस्थापनको प्रक्षेपण रहेको छ।

**ख) आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापना देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिवी न्यूनीकरण, जीवनस्तरमा गुणस्तरयुक्त सकारात्मक स्तरोन्नति, वित्तीय समावेशीकरण बढाउने दृढ संकल्प लिई नेपाल भरी नै लघुवित्त सेवाहरु प्रदान गर्ने अठोटका साथ कारोवारहरु गर्दै आएको छ।
हाल देशका ७ वटै प्रदेशका विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालय मार्फत १०६,६६६ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ।

- वित्तीय संस्थाको शाखा कार्यालयहरुबाट निक्षेप संकलनलाई थप रणनितिक योजना अनुरुप ग्राहकहरुमा बचत गर्ने बानीको बिकास गर्दै जाने योजना कार्यान्वयन गर्दै आएको छ। आजको बचत भविष्यका लागी भन्ने अभिप्राय लिई आकर्षक प्रतिष्पर्धी ब्याजदर सहित दैनिक मौज्दातमा त्रयमासिक ब्याज भुक्तानी गर्ने गरी निक्षेप योजना कार्यान्वयन गर्दै आएको छ।
- वित्तीय संस्थाको उद्देश्य उन्मुख रही कृषि उत्पादन, पशुपालन, सेवा लघु ब्यवसाय तथा लघु उद्यमशीलता बिकासलाई उच्च प्राथमिकताका साथ लिई विशेषत महिला वर्गलाई केन्द्रित हुदै लघु कर्जा सुविधाहरु उपलब्ध गराउदै आइरहेको छ।
- संस्थामा आवद्ध ग्राहकवर्गहरु ,ग्राहकका घरपरिवार, समाजमा रहेका विभिन्न वर्गहरु लगायत विभिन्न तहमा अध्ययनरत बिद्यार्थीहरुलाई समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान आदानप्रदान जस्ता कार्यक्रमहरु गर्दै आइरहेको छ।
- वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई थप परिस्कृत गर्दै नवीनतम प्रविधिको माध्यमबाट वित्तीय पहुँच अभिबृद्धि, छिटो,छरितो, सहज, पारदर्शी, विश्वसनीय र न्युन लागत उन्मुख वित्तीय कारोवार गर्दै जाने लक्ष्य लिई वित्तीय संस्था अगाडी बढिरहेको छ।
- वित्तीय कारोवारको पारदर्शितालाई मध्यनजर गर्दै ग्राहकहरु स्वयंले आफ्नो मोवाईल मार्फत बैंक स्टेटमेण्ट हेर्ने कस्टुमर फेसिङ्ग एप्लिकेशन "Laxmi Laghubitta-Smart App" सेवा सुचारु भईरहेको छ। सम्पूर्ण वित्तीय कारोवारहरुलाई ट्याब्लेट बैंकिङ्ग मार्फत प्रविधियुक्त गरिसकिएको छ। आधुनिक ईन्टरनेट बैकिङ्ग सरहका सुविधाहरु सहितको मोवाईल बैंकिङ्ग एप्लिकेशन सुविधा "Laxmi Laghubitta Mobile पैसा" लाई सुचारु भईरहेको छ।

साथै, आगामी दिनहरुमा लघुवित्तको सेवा तथा सुविधाहरुलाई समयानुकुल ग्राहकको बदलिँदो चाहनालाई दृष्टिगत गरी थप परिष्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिबद्ध रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
लगानी योग्य रकमको अभाव, श्रोतको परनिर्भरता र अपर्याप्तता, कर्जा/सापटीको ब्याजदरमा भएको बृद्धि, संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना,अस्वस्थ प्रतिस्पर्धा लगायत अन्य बाहृय वातावरणीय प्रभावहरुको कारण ग्राहकहरुबाट कर्जाको किस्ता भुक्तानीमा समस्याहरुको कारण चालु आ.व.२०७९/८० को तेश्रो त्रयमासको नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रत्यक्ष नकारात्मक असर परेको छ। तथापि उल्लेखित परिस्थितीलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आईरहेको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :
- त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।
- यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
- कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :
क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा तरलता समस्यासँगै अन्य बिविध कारणहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ।
ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.१,३५७.०० | रु.६५५.१० | रु.७२५.०० | ५६ | १,२६३ |

**५.समस्या तथा चुनौती** :
हाल कायम लगानी योग्य रकमको अभाव,स्रोतको परनिर्भरता,नितिगत ब्यवस्था, बाहृय प्रतिकुल अवस्थाका कारण ब्यवसाय विस्तारमा प्रतिकुल असर परेको छ। स्रोतको अनिश्चितता, कोषको लागतमा भएको बृद्धि साथसाथै अन्य प्रतिष्पर्धी लघुवित्त वित्तीय संस्थाहरुको लक्षित वर्ग र सञ्चालित क्षेत्रहरु समान रहेका कारण संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने संभावनालाई दृष्टिगत गरी कारोवारहरु सूचारु गर्नुपर्ने अवस्था रहेको छ।

**६. संस्थागत सुशासन** :
संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, ब्यवस्थापन सूचना प्रणाली, सम्पत्ति दायित्व ब्यवस्थापन नीती, लगानी नीति, जोखिम ब्यवस्थापन नीति, लेखापरीक्षण नीति लगायतका नीति तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयन गदै आएको छ। संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा लेखापरिक्षण समिति,जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, लगायतका समितिहरु गठन गरेको छ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण**:
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन।